कम्पनी दर्ता नं: १२८३६७/०७१/०७२ | ने.रा.बैंक/इ.प्रा./"घ"/४३/२०७१/०७२

# सपोर्ट लघुवित्त वित्तीय संस्था लिमिटेड

**SUPPORT LAGHUBITTA BITTIYA SANSTHA LTD.**

**नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त कोशी प्रदेश स्तरीय "घ" वर्गको वित्तीय संस्था**

**केन्द्रीय कार्यालय, इटहरी-०४, सुनसरी, फोन नं-०२५-५८८१७७,१७८**

## Unaudited Financial Report (Quarterly)

As at 3rd Quarter (2080.12.30) of the Fiscal Year 2080/081

(Rs. in '000')

| S.N. | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| **1** | **Total Capital & Liabilities (1.1 to 1.7)** | **1859206.45** | **1834413.30** | **1488910.59** |
| 1.1 | Paid-up Capital | 95238.00 | 95238.00 | 95238.00 |
| 1.2 | Reserves and Surplus | 57907.33 | 54086.10 | 36575.78 |
| 1.3 | Debenture and Bond | | | |
| 1.4 | Borrowings | 1277959.94 | 1284141.22 | 980449.72 |
| 1.5 | Deposits (a+b) | **339116.50** | **324355.99** | **287829.35** |
| | a. Domestic Currency | 339116.50 | 324355.99 | 287829.35 |
| | b. Foreign Currency | | | |
| 1.6 | Income Tax Liabilities | | | |
| 1.7 | Other Liabilities | 88984.68 | 76591.99 | 88817.74 |
| **2** | **Total Assets (2.1 to 2.7)** | **1859206.45** | **1834413.30** | **1488910.59** |
| 2.1 | Cash & Bank Balance | 37177.41 | 30941.49 | 14986.22 |
| 2.2 | Money at call and short Notice | 34826.82 | 53703.43 | 16179.34 |
| 2.3 | Investments | 1000.00 | 1000.00 | 1000.00 |
| 2.4 | Loans & Advances (a+b+c+d+e+f) | **1732603.85** | **1702015.33** | **1397023.61** |
| 2.5 | Fixed Assets | 6929.21 | 6846.86 | 8186.14 |
| 2.6 | Non Banking Assets | | | |
| 2.7 | Other Assets | 46669.16 | 39906.19 | 51535.28 |
| **3** | **Profit and Loss Account** | | | |
| 3.1 | Interest income | 173675.04 | 114191.65 | 150857.16 |
| 3.2 | Interest Expense | 124493.96 | 84805.28 | 105646.79 |
| **A** | **Net Interest Income (3.1-3.2)** | **49181.08** | **29386.37** | **45210.37** |
| 3.3 | Fees Commission and Discount | 708.67 | 434.27 | 466.99 |
| 3.4 | Other Operating Income | 19717.33 | 13171.69 | 10413.38 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | | | |
| **B** | **Total Operating Income (A+3.3+3.4+3.5)** | **69607.08** | **42992.33** | **56090.74** |
| 3.6 | Staff Expenses | 40041.94 | 26308.32 | 32990.19 |
| 3.7 | Other Operating Expenses | 15222.59 | 8631.89 | 17065.27 |
| **C** | **Operating profit Before Provision (B-3.6-3.7)** | **14342.55** | **8052.11** | **6035.27** |
| 3.8 | Provision for Possible Loss | 1009.42 | 847.79 | |
| **D** | **Operating profit (C-3.8)** | **13333.13** | **7204.32** | **6035.27** |
| 3.9 | Non-Operating Income/Expenses (Net) | | | |
| 3.10 | Write Back of Provision for Possible Loss | 6254.88 | 6513.64 | 4015.11 |
| **E** | **Profit From Regular Activities (D+3.9+3.10)** | **19588.01** | **13717.96** | **10050.38** |
| 3.11 | Extraordinary Income/Expenses (Net) | | | |
| **F** | **Profit Before Bonus and Taxes (E+3.11)** | **19588.01** | **13717.96** | **10050.38** |
| 3.12 | Provision For Staff Bonus | 1958.80 | 1371.80 | 1005.04 |
| 3.13 | Provision For Tax | 5288.76 | 3703.85 | 2713.60 |
| **G** | **Net Profit/Loss (F-3.12 -3.13)** | **12340.45** | **8642.31** | **6331.74** |
| **4** | **Ratios** | | | |
| 4.1 | Capital Fund to RWA | 8.38% | 8.30% | 8.66% |
| 4.2 | Non-Performing Loan (NPL) to Total Loan | 1.47% | 1.54% | 3.25% |
| 4.3 | Total Loan Loss Provision to total NPL | 51.09% | 47.83% | 48.43% |
| 4.4 | Cost of Funds | 10.46% | 10.95% | 11.91% |
| 4.5 | CD Ratio (Calculated as per NRB Directives) | 510.92% | 524.74% | 485.37% |

| | | |
|---|---|---|
| **1. Deposit : 7.5% - 10%** | **2. Loans and advance : 15%** | **3. Base Rate : 15.03 %** |

नोट :

१. माथिको तंथ्याङ्क तथा विवरणहरूमा नियामक निकाय तथा बाह्य लेखापरिक्षकबाट परिवर्तन गर्नका लागि निर्देशन प्राप्त भएमा परिवर्तन हुन सक्ने छ ।

२. आ.व.२०७९/०८०को बोनस शेयर नवौ बार्षिक साधारणसभाबाट पारितं भएपनि नेपाल राष्ट्र बैंकबाट स्विकृत तथा कम्पनि रजिष्ट्रारको कार्यालयबाट प्रबन्धपत्र अद्यावधिक हुन बाँकी रहेकोले चुक्तापुँजीमा कुनै परिवर्तन नभएको जानकारी गराउँदछौं ।

# धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसुची-१४
**(नियम २६ को उपनियम १ सँग सम्बन्धित)**
## आ.व. २०८०/०८१ को तेश्रो त्रैमासिक अवधिको विवरण

१. **वित्तीय विवरण :**

क) **त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण :** यसै साथ प्रकाशित गरिएको छ ।

ख) **प्रमुख वित्तीय अनुपातहरू :**

| प्रति शेयर आम्दानी रू. | मुल्य आम्दानी अनुपात (P/E Ratio) | प्रति शेयर नेटवर्थ रू. | प्रति शेयर कुल सम्पत्तिको मुल्य रू. | तरलता अनुपात प्रतिशत |
|---|---|---|---|---|
| १७।२८ | ७७।९७ | १६०।८० | १,९५२।१७ | १३।४८ |

२. **व्यवस्थापकिय विश्लेषण :**

क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भए सोको प्रमुख कारण सम्बन्धी विवरण :** समिक्षा अवधिमा तरलतामा देखिएको केही सहजताले गर्दा संस्थाको सदस्य संख्या, ऋणी सदस्य संख्या, निक्षेप संकलन रकम, कर्जा लगानी रकम र आम्दानीमा सन्तोषजनक रूपमा बृद्धी भई संस्थाको मौज्दात, आम्दानी र तरलतामा परिवर्तन भएको छ ।

ख) **आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण :** कोशी प्रदेश कार्यक्षेत्र रहेको यस वित्तीय संस्थाले प्रदेशका ८ वटा जिल्लाहरूमा २५ वटा शाखा कार्यालयबाट २२,१३० सदस्यहरू मार्फत लघुवित्त कार्यक्रम सञ्चालन गरी विपन्न वर्गका ग्राहक सदस्यहरूलाई वित्तीय रूपमा साक्षर बनाउदै विपन्न वर्गहरू माझ गुणस्तरीय वित्तीय पँहुच पुऱ्याउदै आईरहेको छ ।
साथै, संस्थाले नियामक निकायको निर्देशनको अधिनमा रही विपन्न वर्गहरूमा सरल र सुलभ तरिकाले बित्तीय पहुँच पुऱ्याउने, समय सापेक्ष ग्राहक सदस्यहरूको वित्तीय आवश्यकता बमोजिम कर्जा, बचत र अन्य सेवा वितरणको गुणस्तर वृद्धी गरी विपन्न वर्गमा सुलभ रूपमा वित्तीय कारोबार गर्न सक्ने विश्वासिलो संस्थाका रूपमा यस वित्तीय संस्थालाई सबल बनाउदै, आगामी दिनहरूमा अवसरहरूको उपयोग र चुनौतीहरूको सामना गरी सबल एवम सक्षम संस्थाको रूपमा स्थापित गर्नेमा व्यवस्थापन समूह प्रतिबद्ध रहेको छ ।

ग) **विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदी भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण :** लघुवित्त वित्तीय सेवाका क्षेत्रमा देखिएको कर्जाको दोहोरोपना, सिमित वित्तीय स्रोत साधन र सोको कारण लगानी योग्य कोषको व्याजदरमा परेको प्रभाव आदीका कारण चुनौतीहरू वृद्धी हुने क्रम यथावत रहेको साथै आयातमुखी अर्थतन्त्र र व्यापारिक क्षेत्रमा देखिएको चरम मन्दीका कारण आर्थिक गतिविधी प्रभावकारी रूपमा अघि बढन नसकेकोले आगामी दिनमा संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने देखिन्छ ।

३. **कानुनी कारवाही सम्बन्धी विवरण :**

क) समिक्षा अवधिमा संस्थाले वा संस्थाका विरूद्ध कुनै मुद्दा दायर भएको छैन र त्यस्तो कुनै सूचना प्राप्त भएको छैन ।

ख) समिक्षा अवधिमा वित्तीय संस्थाका संस्थापक वा सञ्चालकले वा संस्थापक वा संचालकको विरूद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन ।

ग) यसअवधिमा कुनै संस्थापक वा सञ्चालक विरूद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन ।

४. **संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण :**

क) शेयरको मुल्य तथा कारोबार खुल्ला बजारले निर्धारण गर्ने हुँदा यसमा वित्तीय संस्था तटस्थ रहेको छ । यद्यपी संस्थाले शेयर मूल्यमा प्रभाव पार्न सक्ने आधारभूत सूचनाहरू प्रचलित ऐन नियमको परिधी भित्र रही प्रवाहित गर्ने गरेको छ ।

ख) नेपाल स्टक एक्सचेन्ज लिमिटेडको वेभसाइट बाट प्राप्त विवरण अनुसार गत त्रैमासिक अवधिको शेयर कारोबार निम्न अनुसार भएको देखिन्छ ।

| अधिकतम मुल्य | न्युनतम मुल्य | अन्तिम मुल्य | कारोबार दिन | कारोबार संख्या |
|---|---|---|---|---|
| रू.१,४८५।०० | रू.९२९।०० | रू.१,३४७।०० | ५८ | १,४७८ |

५. **समस्या तथा चुनौती :** संगठित संस्थाले बहन गर्नुपरेको समस्या तथा चुनौती स्पष्ट रूपमा उल्लेख गर्नुपर्ने र उक्त समस्या तथा चुनौतीलाई संगठित संस्थाको आन्तरिक र बाह्य भनी वर्गिकरण गरी त्यस्तो समस्या तथा चुनौती समाधान गर्न व्यवस्थापनले अवलम्बन गरेको रणनीति सम्बन्धी विवरण ।

**आन्तरिक तथा बाह्य समस्या तथा चुनौतीहरू:**

वित्तीय क्षेत्रमा देखिएको लगानी योग्य पुँजीको अभावका कारण सिमित वित्तीय स्रोत तथा साधन, दक्ष जनशक्तिको कमि, बढ्दो सञ्चालन लागत र घट्दो खुद व्याजदर अन्तर आदी वित्तीय संस्थाको आन्तरिक चुनौतीका रूपमा रहेका छन । साथै, नियामक निकायको नीति तथा नियममा आउन सक्ने परिवर्तनहरू, तरलतामा हुने उतार, चढाव, ग्राहक सदस्य र ऋणीहरूमा व्यवसायिकता, वित्तीय साक्षरता र अनुपालनाको कमी, आयातमुखी अर्थतन्त्र आदी वित्तीय संस्थाको बाह्य चुनौतीका रूपमा रहेका छन ।

**रणनीतिहरू :**

लगानीमा विविधीकरण गर्दै जोखिम कम गरी विपन्न वर्गका ग्राहकहरूमा वित्तीय सेवा विस्तार गर्ने, कृषि तथा उत्पादनमूलक कर्जालाई प्राथमिकता दिंदै खर्चमा मितव्ययिता अपनाउने, पुराना र दक्ष कर्मचारीहरूले संस्था छाड्ने दरलाई न्युनिकरण गर्ने, कर्मचारीहरूको दक्षता अभिवृद्धिका लागि समय समयमा आन्तरीक तथा बाह्य रूपमा तालिम, गोष्ठी सञ्चालन गरी सहभागिता गराउने, व्यवसायिक दिगोपनामा सुधार गर्दै प्रतिस्पर्धी क्षमता बढाउने, वित्तीय जोखिम व्यवस्थापनका लागि सुक्ष्म रूपमा विश्लेषण गरी विवेकशिल जोखिम व्यवस्थापन नीतिलाई अंगिकार गर्दै जाने रणनीतिहरू रहेको छ ।

६. **संस्थागत सुशासन :** नेपाल राष्ट्र बैंकबाट जारी संस्थागत सुशासन लगायतका निर्देशनहरू पालना गर्नुको साथै प्रचलित ऐनहरू, कम्पनी ऐन, २०६३ ( संशोधन सहित) बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितोपत्र ऐन २०६३, आयकर ऐन २०५८ आदी पालना गरिएको छ । वित्तीय संस्थाको प्रबन्धपत्र, नियमावली, कर्मचारी सेवा विनियमावली, आर्थिक प्रशासन विनियमावली, कर्जा अपलेखन विनियामवली, आन्तरिक लेखापरिक्षण निर्देशिका, सूचना प्रणाली नीति, सम्पति शुद्धीकरण अनुगमन निर्देशिका र अन्य आन्तरिक आवश्यक नीति निर्देशिकाहरू तयार गरी लागू गरिएको छ ।- त्यसैगरी लेखापरिक्षण समिति, जोखिम व्यवस्थापन समिति, कर्मचारी सेवा सुविधा समिति र सम्पति शुद्धीकरण अनुगमन समिती गठन गरी कार्यान्वयनमा ल्याइएको छ।

७. **सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :** आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु । साथै म यो उदघोष गर्दछू कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानी कर्ताहरूलाई सु-सूचित भई निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन ।